


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १५५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार ४ गते शुक्रबार ❑ 18 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## 'प्रधानमन्त्रीले विश्वासको मत पाउने-नपाउने आधार तय गर्ने अधिकार राष्ट्रपतिलाई'

**रासस**
**काठमाडौं, ३ असार**

राष्ट्रपतिको कार्यालयले प्रतिनिधिसभा विघटनको विषयमा सर्वोच्च अदालतलाई १४ बुँदे लिखित जवाफ पठाएको छ । महान्यायाधिवक्ता कार्यालयमार्फत् आज पेश लिखित जवाफमा नेपालको संविधानको धारा ७६ (५) अनुसार प्रधानमन्त्रीले विश्वासको मत पाउने वा नपाउने आधार तय गर्ने अधिकार राष्ट्रपतिलाई भएको उल्लेख छ।

'नेपालको संविधान धारा ७६ को उपधारा (५) बमोजिम बन्ने प्रधानमन्त्रीले विश्वासको मत पाउन सक्ने आधार छ वा छैन भनी यकिन गरिएको छ,' लिखित जवाफमा भनिएको छ, 'यस्तो कार्य राष्ट्रपति विद्यादवी भण्डारीबाट मात्र हुने हो र भएको पनि त्यही हो।' नेपालको संविधानको धारा ७६ (५) बमोजिम प्रधानमन्त्री नियुक्तिका लागि दुई जना दावीकर्ताले पेश गर्नुभएको प्रस्तावमा विश्वासको मत प्राप्त गर्न सक्ने आधार रहेको वा नरहेको विषयमा यकिन गरी निर्णय गर्ने अधिकार र कर्तव्य राष्ट्रपतिको भएको उल्लेख गर्दै जवाफमा भनिएको छ, 'राष्ट्राध्यक्षका हैसियतमा राष्ट्रपतिबाट संविधानको धारा ७६ बमोजिम भए गरेका कामकारबाहीका विषयमा रिट क्षेत्राधिकार आकर्षित हुने होइन र यो विषय न्यायिक पुनरावलोकनको विषय पनि होइन ।'

राष्ट्रपति कार्यालको जवाफमा नेकपा (एमाले) का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र काँग्रेस सभापति शेरबहादुर देउवाको दाबी अस्वीकार गर्नुको कारण पनि उल्लेख स्पष्ट भएको उल्लेख छ । 'राष्ट्रपति कार्यालयमा दर्ता भई राष्ट्रपतिसमक्ष पेश गरिएको रिट निवेदकमध्ये शेरबहादुर देउवाको दाबी तथा सो साथ संलग्न कागजातमा दुईवटा दलको मात्र निर्णय साथ राखी पेश भएको, अन्य दलको पत्र संलग्न नभएको र हस्ताक्षरको सिलसिला नमिलेको, प्रतिनिधिसभा सदस्यको दलीय हैसियत नखुलेको अवस्थाको विद्यमानता थियो' गर्दै जवाफमा भनिएको छ, 'त्यस्तै अर्का दाबीकर्ता केपी शर्मा ओलीले आफूलाई समर्थन हुने भनी पेश गरेको दलका सदस्यहरुले अर्का दावीकर्तालाई समर्थन गरेको देखिएको छ।'

उक्त दुवै दाबी राजनीतिक दलको मान्यता एवं दलका सदस्यले पालना गर्नुपर्ने अनुशासन तथा राजनीतिक नैतिकता अनुकूल नदेखिएको अवस्थामा त्यस्तो दुवै दावीलाई संवैधानिक तवरले विश्वासको मत पाइने विश्वसनीय आधार नदेखी दुवै दावीकर्ताको दावी नपुग्ने भएकाले राष्ट्रपतिबाट उक्त निर्णय गर्नुभएको उल्लेख छ। नेपाल संविधान र संघीय कानूनबमोजिम कार्य सम्पादन गर्ने जिम्मेवारी राष्ट्रपतिलाई सुम्पिएको र जिम्मेवारी पूरा गर्ने सिलसिलामा आफ्नो पदीय हैसियतले सम्पादन गरेका काम काम कारबाहीको प्रश्न उठाउने अधिकार नभएको उल्लेख छ । 'राष्ट्रपति स्वयंबाट संविधानबमोजिम सम्पादन भएको कामकारबाही र निर्णय अदालतबाट बदर हुन सक्दैन र अमूक व्यक्तिलाई प्रधानमन्त्री नियुक्ति गर्नू भनी परमादेश जारी हुन सक्दैन, यस्तो माग गर्नु आफैमा संविधान विपरीतको विषय हो भन्ने स्पष्ट छ'-जवाफमा छ । लिखित जवाफमा संविधानको धारा ७६ (५) बमोजिम नयाँ प्रधानमन्त्री नियुक्ति हुन नसकेको अवस्थामा गरिएको प्रतिनिधिसभाको विघटन र निर्वाचनको मिति तोक्ने गरी भएको कार्य संविधानअनुरुप भएको उल्लेख गर्दै जवाफमा भनिएको छ, 'संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्न राष्ट्रपतिको कार्यालयबाट भएको कार्यउपर यस कार्यालायलाई विपक्षी बनाई दायर भएको रिट निवेदन बदरभागी छ।'

प्रतिनिधिसभा विघटनसम्बन्धी विवादमा सर्वोच्च अदालतको संवैधानिक इजलासले गत जेठ २६ गते सातदिनभित्र लिखित जवाफ पेश गर्न आदेश दिएको थियो । सोही आदेशअनुसार दिएको आदेशअनुसार राष्ट्रपतिको कार्यालयले लिखित जवाफ पेश गरेको हो । उक्त विषयमा आजै प्रधानमन्त्री केपी शर्मा ओलीले १८ बुँदे लिखित जवाफ पेश गर्नुभएको थियो । प्रतिनिधिसभा विघटनसम्बन्धी विवादमा यही असार ९ गतेदेखि नियमित सुनुवाइ हुने तय भएको छ।

## गण्डकी प्रदेशमा यस वर्ष करिब १३ प्रतिशत बजेट किन घट्यो

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ असार**

गण्डकी प्रदेशमा विभिन्न कारणले गर्दा बजेट सुनिश्चित नभएकोले गर्दा यस आउदो बर्षको बजेटको आकार केही प्रतिशत खुम्चिन पुगेको गण्डकी प्रदेशका अर्थ मन्त्रालयका सचिव रमेश कुमार केसीले बताए।

बजेट सुनिश्चित भएको करिब २४ अर्ब बजेटको आधारमा वास्तविकता हेरीकन यस बर्ष बजेट कम आएको उनको भनाई छ। संघिय सरकारबाट प्रदेशले अपेक्षा गरे अनुरुप करिब डेढ अर्ब अनुदान घट्न जादा पनि बजेट कम आएको केसीको भनाई छ । कोरोनाको कारणले गर्दा राजश्व संकलनमा असर पर्ने र आन्तरिक श्रोत पहिचान गर्न नसकिएकोले गर्दा आउदो बर्षको लागि बजेट चालु बर्षको भन्दा कम भएको सचिव केसीले बताए। प्रदेशको बजेट खर्च क्षेमता कम हुनु र अर्थतन्त्र चलायमान बनाउन नसक्नुले पनि बजेट कम आएको उनको भनाई छ।

उनले भने "हामीसंग आउने श्रोतको आधारमा हामीले आफनो आन्तरिक श्रोतको समेत पहिचान गरी बजेट तयार पार्ने गरेका छौं ।" कोरोनाको कारण विगत डेढ बर्ष देखि प्रभाव परेको हुदा यस बर्ष अघिल्ला बर्षको तुलनामा राजश्व संकलनमा केही कमी हुने राजश्व विस्तार गर्न नसकिएको हुँदा पनि चालु आर्थिक बर्ष २०७७/०७८ को भन्दा आउदो बर्ष २०७८/०७९ मा भने करिब ४ अर्ब ८१ करोड बजेट कमी भएको उनको प्रतिकृया छ। प्रदेशको राम्रो पक्ष भनेको विगत ३ बर्ष देखि ६० प्रतिशत भन्दा बढी बजेट भने खर्च भएको केसीको भनाई छ। गत बर्ष ६३ प्रतिशत र यस बर्ष चालु आर्थिक बर्षमा ६५ प्रतिशत खर्च गर्ने लक्ष्य

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## विपद् कोषमा पाँच करोड

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ असार**

गण्डकी प्रदेश सरकारले प्रदेशस्तरीय विपद् कोषमा तत्कालका लागि पाँच करोड रुपैयाँ राख्ने निर्णय गरेको छ।

पछिल्ला दिनमा प्रदेश अन्तर्गतका जिल्लामा अविरल वर्षासँगै ठाउँ ठाउँमा क्षति भएकाले उद्धार, राहत र व्यवस्थापनका लागि सो रकम राख्ने निर्णय गरिएको हो । प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको अध्यक्षतामा बिहीबार बसेको गण्डकी प्रदेशस्तरीय प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकले उक्त निर्णय गरेको हो । हिमाल पारीको जिल्ला मनाङका विभिन्न स्थानमा बाढी पहिरोले पुर्‍याएको क्षतिको अवलोकनका लागि मुख्यमन्त्रीसहितको टोली आजै मनाङ जाने भएको छ।

गृह मन्त्रालयको समन्वयमा हेलिकोप्टर व्यवस्थापन गरी राहत सामग्रीसहित मनाङ जान लागिएको हो। बैठकमा मुख्यमन्त्री पोखरेलले प्रदेश र जिल्ला स्थित सुरक्षाकर्मी, जनप्रतिनीधि, सरकारी तथा गैरसरकारी कार्यालयलाई विपद्को यस अवस्थामा तत्काल उद्धार एवम् सहयोगमा लाग्न र पूर्वतयारीमा रहन निर्देशन दिए । वर्षाका कारण अवरुद्व सडक तत्काल मर्मत गरी सञ्चालनमा ल्याउन भौतिक तथा पूर्वाधार मन्त्रालयलाई बजेट प्रवन्ध मिलाउन उनले निर्देशन दिए।

नवनियुक्त मुख्यमन्त्री पोखरेलले पदबहाली भएकै दिनमा गरिएको निर्णय अनुसार विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तत्काल निर्माण गरी कार्यान्यवनमा ल्याउन पनि निर्देशन दिएका छन् । सरकारले प्रदेशका नौ जिल्लाका लागि १०/१० लाख रुपैयाँ, मनाङ र मुस्ताङका लागि २/२ लाख रुपैयाँ यसअघि नै पठाइसकेको छ।

## बाढीले सिक्लेस हाइड्रोमा झन्डै ३० करोडको क्षति

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ असार**

अविरल वर्षाका कारण मादी नदीमा आएको बाढीले सिक्लेस हाइड्रो प्रा.लिद्वारा सञ्चालित मदक्यू खोला जलविद्युत आयोजनामा ३० करोड रुपैयाँ बढीको क्षति पुगेको आयोजनाले जनाएको छ।

कास्कीको मादी गाउँपालिका-१ स्थित मदक्यू खोलामा १३ मेगावाट क्षमताको सो आयोजनामा असार १ गते आएको बाढीले १४ किलोमिटर ट्रान्समिसन लाइन लगायतका अन्य संरचनामा क्षति पुग्दा विद्युत उत्पादन बन्द भएको छ । बाढीले आयोजनाको 'स्विचयार्ड' बगाएको छ भने बाँधमा व्यापक क्षति पुगेको सञ्चालक किरण केसीले जानकारी



दिए । आयोजनाको इलेक्ट्रिक मेकानिकल सिभिल संरचना, विद्युत प्रशारण लाइन लगायतमा क्षति हुँदा ३० करोड बढीको क्षति भएको उनको दावी छ । त्यस्तै आयोजनाको पावर हाउसमाथिबाट अझैपनि पहिरो खसिरहेकाले पावर उच्च जोखिममा रहेको उनले बताए । सञ्चालक केसीले भने, 'आयोजनामा बाढीले व्यापक क्षति गर्दा वर्षाको समयमा पुनः सञ्चालनमा ल्याउन थप चुनौती थपिएको छ, आयोजनालाई पहिलाकै अवस्थामा ल्याउनका लागि करिव वर्ष दिनसम्म लाग्न सक्छ।' आयोजनासम्म जाने सडक ठाउँ-ठाउँमा बाढीले बगाउँदा सामान ढुवानी गर्न समेत कठिन हुने देखिएको छ । गत २०७४ चैतबाट केन्द्रिय प्रशारण लाइनमा जोडिएको आयोजनामा बाढीले क्षति पुर्‍याउँदा कास्कीको मादी गाउँपालिका वडा १ सिक्लेसका बासिन्दा अध्यारोमा बस्न बाध्य छन् । सिक्लेसमा केन्द्रिय प्रशारण लाइनको हालसम्म पनि पहुँच पुग्न सकेको छैन्।

सोही बाढीका कारण मदक्यू खोला जलविद्युत आयोजना सहित अन्य तीन वटा आयोजनामा समेत क्षति पुर्‍याएको छ। स्थानियबासी ६४ वर्षिय कुलबहादुर गुरुङले भने -'बाढीले सिक्लेस हाइड्रो पावर त बगायो-बगायो हामीलाई कहिलेसम्म अन्धकारमा राख्ने हो थाहा भएन, यति धेरै पानी र बाढी आएको अहिलेसम्म थाहा थिएन्।' आयोजना बन्द हुँदा दैनिक साढे १२ लाख घाटा हुन पुगेको आयोजनाले जनाएको छ।

## बाढी पहिरोमा परि ११ को मृत्यु, २५ बेपत्ता

**रासस**
**काठमाडौं, ३ असार**

मनसुन प्रवेशसँगै परेको भारी वर्षापछि आएको बाढी, पहिरो र हावाहुरीका कारण मुलुकका विभिन्न जिल्लामा ११ जनाको मृत्यु भएको छ।


जेठ ३१ देखि बिहीबार अपराह्नसम्म ७ जनाको मृत्यु भएकोमा साँझ थप चार जनाको शव फेला परेको गृह मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार बाढीपहिरोमा परेर सिन्धुपाल्चोकमा तीन, बाजुरा, गोरखा, पाल्पा, डोटी, जुम्ला, अर्घाखाँची, कास्की र काभ्रेमा एक/एक जनाको मृत्यु भएको हो । यस्तै विभिन्न जिल्लामा अहिलेसम्म २५ जना हराइरहेका छन् । प्राप्त विवरणअनुसार सिन्धुपाल्चोकमा १५ जना सम्पर्क विहिन छन् । भारी वर्षा र हावाहुरीका कारण जाजरकोटको ४ हजार ८०० मिटरको उचारमा रहेको जलजला पाटनबाट सात जना हराइरहेका छन् । यस्तै बाजुरा, प्यूठान, अर्घाखाँचीमा एक/एक जना बेपत्ता रहेको मन्त्रालयले जनाएको छ । अहिलेसम्म ११ जना घाइते रहेको र उनीहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको छ । केही घाइतेलाई सेनाको हेलिकप्टरबाट उपचारका लागि काठमाडौं ल्याइएको छ । अहिले राहत, खोज तथा उद्धार कार्य जारी रहेको राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्रका प्रमुख दिलकुमार तामाङले जानकारी दिए । बिहीबार मनाङमा समेत राहत लिएर सेनाको हेलिकप्टर पुगेको जनाइएको छ। अहिलेसम्म बाढी पहिरोका कारण विभिन्न जिल्लामा १२९ घर पूर्ण र ११४ घरमा आंशिक क्षति पुगेको छ।

## नागरिकको स्वास्थ्य सुरक्षा सरकारको प्रमुख प्राथमिकता-मुख्यमन्त्री नेपाली

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ असार**

गण्डकी प्रदेशको मुख्यमन्त्री बनेपछी भर्चुवल माध्याामबाट पहिलो पटक सार्वजनिक कार्यक्रम मार्फत गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपालीले प्रदेशबासीको स्वास्थ्य सुरक्षा प्रमुख प्राथामिकता रहेको बताएका छन्।

पंतन्जली योग समिति गण्डकी प्रदेशद्वारा सातौं अन्तरास्ट्रीय योग दिवसको अवसरमा आयोजित भर्चुवल योग शिविरको उदघाटन गर्दै मुख्यमन्त्री नेपालीले कोभिड-१९ महामारी, बाढी, पहिरो लगायत विभिन्न विपदबाट नागरिकको जिउधन सुरक्षाप्रति सरकार गम्भिर रहेको बताए। उनले आयुर्वेद, योग र प्राकृतिक उपचार जस्ता पुर्वीय चिकित्सा पद्वतीको प्रवर्द्धन आवश्यक रहेकोले प्रदेश सरकारले यस विषयमा अध्ययन, अध्यापन




गराउने नीति लिएको जानकारी दिए । औधषीजन्य वहुमुल्य जडीवुटीहरुको संरक्षण, व्यवसायिक उत्पादनमा विशेष प्रोत्साहन कार्यक्रम ल्याएको छ मुख्यमन्त्री नेपालीले भने- बैदिक अस्पताल सञ्चालन र जडिवुटी प्रशोधन उद्योगहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम छ। योग, ध्यानको माध्यमबाट स्वस्थ नागरिक, असल समाज निर्माणमा टेवा पुग्ने भएकाले यसको प्रवर्द्धन गर्न सरकार प्रतिवद्ध रहेको उनको भनाई छ।

जेष्ठ नागरिकका लागि दिवा संरक्षण सेवा, विशेष उपचार सेवा, ध्यान योगा, सत्संग गर्न सघाउने मुख्यमन्त्री नेपालीले जानकारी दिए । उहांले योग ध्यानको लोकप्रियतासंगै संयुक्त राष्ट्र संघले समेत मान्यता दिनु आफैंमा महत्वपुर्ण उपलब्धी रहेको भन्दै यस अभियानमा लाग्नुहुने सम्पूर्ण योग अभियान्ताहरुलाई धन्यवाद ज्ञापन सहित आगामी दिनमा निरन्तरता र थप बिस्तार गर्न आग्रह गरे।

पतंजली योग समिति नेपालका केन्द्रिय प्रभारी लभदेव मिश्रले गण्डकी सरकारले योग, बैदिक र प्राकृतिक उपचार पद्वतिलाई प्रोत्साहन गर्न उदाहरणीय कार्यक्रम ल्याएकोमा धन्यवाद ज्ञापन गरे । सप्ताह व्यापी भर्चुवल योग शिविर अन्तरगत बिहीबार पंतन्जली योग समिती गन्डकीको आयोजनामा संञ्चालीत योगको उदघाटन समारोहमा देश भरिका छ सय भन्दा बढी योग प्रशिक्षक, अभियान्ता, जनप्रतिनीधि, निजामति कर्मचारी तथा सर्वसाधरणको सहभागीता रहेको थियो भने फेसबुक लाईभबाट समेत हजारौ दर्शक कार्यक्रममा सरीक भएका थिए।पतंजली योग समिति नेपाल गण्डकी प्रदेशका अध्यक्ष नरेन्द्रमान लालचनको अध्यक्षतामा भएको कार्यक्रमलाई महामन्त्री गणेश आचार्यले सहजिकरण गरेका थिए।

समितिले अघिल्लो लकडाउन देखिनै भर्चुवल माध्यमबाट दैनिक ध्यान, योग शिविर, प्रशिक्षक प्रशिक्षण, विज्ञहरुसंग छलफल तथा अन्तरकृया कार्यक्रम गर्दै आईरहेको गन्डकी प्रदेशका सोसल मिडिया प्रभारी छबि सुबेदीले जानकारी गराए।



# बजेटमा सुरुङमार्ग : सर्वसाधारणमा तरङ्ग

**रासस**
**बलेवा, ३ असार**

गण्डकी प्रदेशले आगामी आर्थिक वर्षको बजेट कार्यक्रम सार्वजनिक गर्दा बागलुङमा तीन ठूला आयोजना सञ्चालन गर्ने भनेर आशा जगायो । मध्यपहाडी लोकमार्गमा सुरुङमार्ग, अर्नाकोट विमानस्थल र धौलागिरि अस्पताललाई ट्रमा सेन्टरमा स्तरवृद्धि गर्ने योजना बजेटमा परे ।

सुरुङ र विमानस्थलको सम्भाव्यता अध्ययन गर्ने भनिएको छ । मध्यपहाडी लोकमार्गको बागलुङ-बुर्तिबाङ खण्डअर्न्तगत काठेखोला गाउँपालिकाको बिहुँको अक्षेतेदेखि गलकोट नगरपालिकाको नरेठाँटी वा हटिया जोड्ने गरी सुरुङमार्ग बनाउन अध्ययन गर्न बजेट विनियोजन भएको छ । लोकमार्गअन्तर्गत गण्डकी प्रदेशमा पर्ने यो दोस्रो सुरुङमार्ग हो । कास्कीको फेदीदेखि पर्वतको नयाँपुलसम्म सुरुङमार्ग निर्माणका लागि आउँदो वर्ष अध्ययन गर्न सङ्घीय सरकारले बजेट विनियोजन गरिसकेको छ । काठेखोलाको अक्षतेदेखि बिहुँ घोडाबाँधेहुँदै गलकोटको हटिया निस्किन ३८ किलोमिटर यात्रा गर्नुपर्छ । नरेठाँटी पुग्न ३५ किमी दूरी छ । यहाँ सुरुङमार्ग बने झण्डै पाँच किमीको सुरुङमार्ग बन्ला भन्ने स्थानीयवासीको आकलन छ । भूगोलको वास्तविक अवस्था, सडक र सुरुङको दूरी तथा त्यसका लागि हुने खर्चको विवरण भने अध्ययनले तयार गर्नेछ ।

सुरुङमार्ग अध्ययनका विषयमा स्थानीय तह पनि सकारात्मक छन् । "सम्भाव्यताको खोजी हो, हुने नहुने कुरा अध्ययनले भन्ला", काठेखोला गाउँपालिकाका अध्यक्ष अमर थापाले भन्नुभयो, "काठेखोलाको 'मुभमेन्ट' घट्छ, मध्यपहाडीको हिसाबले यो सकारात्मक छ ।" उहाँले सम्भाव्यता अध्ययन र नतिजाका आधारमा समयमा काम हुनुपर्नेमा जोड दिनुभयो । बजेटमा सुरुङमार्गको विषय प्रवेशले सर्वसाधारणमा पनि आशा जगाएको छ । "बजेटमा अध्ययनको विषय पर्नु खुसीको कुरा हो, अहिले नै नबन्ला तर बन्यो भने पश्चिम बागलुङको बाटो निकै छोटो हुन्छ" ढोरपाटन नगरपालिका-१ बुर्तिबाङका स्थानीयवासी चिन्तामणि शर्मा भन्नुहुन्छ, "घुमाउरो यात्रा सोझो हुन्छ ।" छब्बीस वर्षअघि ट्र्याक खोल्न शुरु भएको बागलुङ-बुर्तिबाङ मध्यपहाडी लोकमार्गमा स्तरोन्नति भएपछि स्वरूप फेरिएको छ । बागलुङ बजारदेखि बुर्तिबाङ बजारसम्मको ९१ किलोमिटर दूरी छोटो बनाउन यो मार्गले सहयोग पुग्ने अपेक्षा छ । घोडाबाँधेबाट बुर्तिबाङसम्म कालोपत्रे भएको लामो समय बितिसक्दा समेत बागलुङ घोडाबाँधे खण्डको २७ किलोमिटर सडक कालोपत्रे छैन । सडककै अवस्था हेर्दा सुरुङमार्ग बन्छ भन्नेमा स्थानीयवासी ढुक्क भने छैनन् ।

# विपक्षी गठबन्धनद्वारा उद्धार र राहतमा जुट्न आह्वान

**रासस**
**काठमाडौं, ३ असार**

विपक्षी दलहरुको गठबन्धनले बाढी, पहिरो र डुबानबाट जनताको सुरक्षा गर्न, पीडित जनता र विस्थापितका लागि तत्काल आवास, खाद्यान्न, मृतकका परिवारलाई सहयोग, घाइतेको उपचारलगायत उद्धार तथा राहतका काम प्रभावकारीरूपमा अगाडि बढाउन सरकारसँग माग गरेको छ ।

विपक्षी दलका शीर्षनेताले आज संयुक्त वक्तव्यमार्फत इमान्दारी, तदारुकता र पारदर्शीरूपमा राज्यका सम्बन्धित सबै निकाय तथा साधन र स्रोतको पूर्ण परिचालन गरी विपद् व्यवस्थापनको कार्यलाई अघि बढाउन आग्रह गरेका हुन् ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, जनता सामाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलले यस्तो गम्भीर प्राकृतिक विपत्तिको समयमा उद्धार र राहतका क्रियाकलापमा आ-आफ्ना स्थानबाट योगदान गरी पीडित जनसमुदायलाई सहयोग पुर्‍याउन सम्पूर्ण पार्टी कार्यकर्ता तथा सङ्घसंस्थालाई आह्वानसमेत गरेका छन् । मनसुन वर्षाको आरम्भमा नै देशका अधिकांश जिल्लामा बाढी र पहिराको प्रकोप देखिएको छ । यसको कारण कतिपय मानिसको ज्यान गएको छ भने अर्बौं रुपैयाँ बराबर भौतिक संरचना, अन्नबाली नष्ट र पशुचौपाया मरेका छन् । फलस्वरुप कोरोना महामारीबाट आक्रान्त जनजीवन झनै कष्टकर बनेको छ । गठबन्धनका शीर्षनेताले बाढी र पहिरामा परी ज्यान गुमाउनेप्रति श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेका छन् ।

# कोरोना संक्रमण: निको हुने दर वृद्धि

**रासस**
**काठमाडौं, ३ असार**

सुदूरपश्चिम प्रदेशमा कोरोना भाइरसको संक्रमणबाट निको हुने दर ७८ प्रतिशत पुगेको छ ।

गत जेठ ९ गतेसम्म निको हुने दर झण्डै ५५ प्रतिशत मात्र थियो । स्वास्थ्य निर्देशनालय दीपायलको तथ्याङ्कका अनुसार प्रदेशको कूल जनसंख्या २५ लाख ५२ हजार ५१७ मध्ये आजसम्म ४३ हजार ८८जनामा संक्रमण पुष्टि भएको छ । यो संख्या कूल जनसंख्याको एक दशमलव ६८ प्रतिशत हो । हालसम्म कूल जनसंख्याको नौ दशमलव ८८ प्रतिशत अर्थात दुई लाख ५२ हजार ३८५ जनाको कोरोना भाइरसको नमूना परीक्षण गरिसकिएको छ ।

संक्रमित हुने मध्ये अहिले सम्म एक दशमलव ३० प्रतिशत अर्थात ५६२जनाको मृत्यु भएको छ । संक्रमण भएर पनि स्वास्थ्य अवस्था सामान्य भएका संक्रमितहरु अझैं पनि संस्थागत आइसोलेशन र होम आइसोलेशनमा नै बसेर उपचाररत रहेका छन् । कोरोना भाइरससँग मिल्दो लक्षण भएका तर नमूना परीक्षण नगराएका पनि होम आइसोलेशनमा उपचाररत रहनु भएको छ । कोरोनाको दोस्रो लहर फैलिएसँगै संक्रमण र मृत्यु हुने दर ह्वात्तै बढेको थियो । यसै बीच पछिल्लो २४घण्टामा प्रदेशको बझाङ जिल्लाका एक जना संक्रमितको मृत्यु भएको छ । यो अवधिमा एक हजार ९५को नमूना परीक्षण गर्रिंदा ६४ जनामा संक्रमण भएको पाइएको छ भने ९३जना उपचार व्यवस्थापन पछि घर फर्किनु भएको छ । यसै गरी यो अवधिमा विभिन्न अस्पतालका कोभिड वार्डमा थप १५,आइसियुमा नौ जना र भेन्टिलेटरमा तीन जना भर्ना भएका उपचारत् छन् प्रदेशको एक मात्र 'रेफरल' अस्पतालको रुपमा रहेको सेती प्रदेशिक अस्पताल धनगढीमा पछिल्लो२४घण्टामा मृत्यु दर शून्य छ ।

# गण्डकी ...

राखिएको उनले दाबी गरे ।

प्रदेशको महत्वपूर्ण श्रोत भनेको संघिय सरकारले दिने विक्तिय समानीकरण अनुदान र राजश्व बाँडफाँड नै हो । यसबाट प्राप्त हुने श्रोत र शसर्त, समपुरक बिषेश अनुदान र हाम्रो आन्तरिक राजश्वलाई जोडेर बजेट बनाउन आफुहरुले माघ महिना देखि गृहकार्य सुरु गरेको केसीले बताए । आउदो बर्षमा कति राजश्व संकलन गर्न सकियला त भन्ने पूर्व अनुमान गरेर त्यसको आधारमा आफुहरुले करिब ३१ अर्ब राजश्व उठ्न सक्ने आधारमा अनुमान गरिएको सचिव केसीको भनाई छ । उनले भने "विगत ४ बर्ष देखि हामीले प्रादेशिक रुपमा बजेट ल्याएको छौं, संघिय सरकार जसरी हामीले यस बर्ष बजेट बढोत्तरी भने गर्न सकेनौं ।" आर्थिक कृयाकलापमा सधैं शुसासन, पारदर्शीता र जवाफदेहीमा सधै ध्यान दिनु पर्ने उनको भनाई छ ।

प्रदेशको मुख्य आन्तरिक आम्दानीमा मालपोल, घर जग्गा दर्ता वापत प्राप्त हुने राजश्व बाडफाँडबाट प्राप्त हुने रकम तथा यातयात क्षेत्र, व्यक्तिमा आधारित कर, पर्यटन कर विज्ञापन कर, जस्ता करको प्रशासन गर्न प्राकृतिक श्रोतसाधनमा लाग्ने कर लगायतका रहेको केसीले जनाए । पोखरा क्षेत्रमा उल्लेखनिय रुपमा पर्यटकीय गतिविधि गर्ने स्थल भए पनि यहाँबाट हालसम्म पयाप्त मात्रमा कर अशुलन नसकिएको उनले गुनासो गरे । त्यसलाई अब कानुन नै बनायर करको दायरामा ल्याउनु पर्ने उनको भनाई छ ।

गण्डकी प्रदेश सरकारले चालु आर्थिक बर्ष भन्दा आउँदो आर्थिक बर्ष २०७८/०७९ को लागि करिब १३ प्रतिशत कम बजेट ल्याएको छ । प्रदेश सरकारले आउँदो आर्थिक बर्ष २०७८/०७९ को लागि ३० अर्ब ३ करोड ९४ लाख २७ हजार को बजेट प्रस्तुतः गरेको छ । यद्यपी यो बजेट चालु आ.व.को भन्दा ४ अर्ब ८१ करोडले कमी हो । प्रदेशले आर्थिक बर्ष २०७७/०७८ मा ३४ अर्ब ८४ करोड २१ लाख ६० हजारको बजेट प्रस्तुतः भएको थियो । चालु तर्फ १४ अर्ब ३४ करोड २६ लाख ८४ हजार, पुंजिगत तर्फ १९ अर्ब ९९ करोड ९४ लाख ७६ हजार र विक्तिय व्याबस्थापन तर्फ ५० करोड रुपैया विनियोजन गरिएको थियो । उक्त बजेट अघिल्लो आर्थिक बर्षको तुलनामा करिब ८ प्रतिशतले बढी थियो । २०७५/०७६ मा २४ अर्ब बजेट ल्याएको प्रदेश सरकारले २०७६/०७७ मा भने ह्वात्तै बढायर ३२ अर्ब बजेट ल्यायो, चालु आ.व.मा भने ८ प्रतिशत बृद्धि गरी ३४ अर्ब ८४ करोड बजेट ल्याएको थियो ।



घरतर्फ दाउरा लगिँदः अविरल वर्षाका कारण पोखराको रामघाटमा सेती नदीले बगाएर ल्याएको दाउरा बटुलेर घरतर्फ लौजाँदै स्थानीयवासी । राधिका कँडेल/ रासस

# गण्डकीमा थप ३३३ मा संक्रमित

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ असार**

पछिल्लो २४ घण्टामा प्रदेशमा १ हजार १३४ जनाको नमुना परीक्षण गरिएकोमा गण्डकी प्रदेशमा थप ३३३ जनामा कोरोना पोजेटिभ देखिएको विज्ञप्ति मार्फत निर्देशनालयले उल्लेख गरेको छ ।

कास्कीका ११९ सहित म्याग्दीका ४ जना, पर्वतका ५ जना, गोरखाका १६ जना, लमजुङका ७७ जना तनहुँका १० जना, बाग्लुङका ५२ जना स्याङ्जाका २५ जना र नवलपुरका २५ जना गरी प्रदेशका ९ जिल्लामा १८६ पुरुष तथा १४७ जना महिलामा कोरोना पुष्टि भएको हो । गण्डकीमा थप ४ जनाको कोरोना संक्रमणका कारण मृत्यु भएको छ । हालसम्म कोरोना संक्रमणका कारण प्रदेशभर ज्यान गुमाउनेको संख्या ८६५ पुगेको छ ।






**बाढी पहिरोको जोखिम दिनानुदिन बढ्दै गइरहेको हुँदा विकासको नाममा विनाश निम्त्याउने गरी डोजरको प्रयोग नगरौं । सकेसम्म मानवीय श्रोत साधन प्रयोग गरी रोजगारीसमेत सिर्जना गरौं ।**




**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

### के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जीवन दु:खपूर्ण छ जहाँ आँसु लिएर बाँच्नुपर्छ। - लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# जसपाको जुँघाको लडाइँ

बैकल्पिक राजनीतिक शक्ति बन्ने भन्दै एक वर्षअघि एकिकृत भएको जनता समाजवादी पार्टी नेपाल (जसपा) विभाजनको बाटोमा हिडिरहेको छामहन्थ ठाकुरले नेतृत्व गरेको राष्ट्रिय जनता पार्टी (राजपा) र उपेन्द्र यादवले नेतृत्व गरेको समाजवादी पार्टी मिलेर जनता समाजवादी पार्टी( जसपा ) बनेको थियो। नेकपा एमाले र माओवादी केन्द्र मिलेर नेकपा बने जस्तै गरि दुई अध्यक्ष राखेका थिए। महन्थ ठाकुर पहिलो अध्यक्ष र उपेन्द्र यादव दोस्रो अध्यक्ष रहने गरि पार्टी एकता भएको हो। उपेन्द्र यादवको पार्टी विभाजन रोक्न जसपा बनेको हो। तत्कालीन राजपाले उपेन्द्रलाई उद्धार गरेको हो। मधेस आन्दोलनका माग पुरा गराउन प्रधानमन्त्री केपी शर्मा ओलीको सरकारलाई सघाउने विषयमा चर्केको विवाद एकले अर्कोलाई लखेट्ने अवस्थामा पुगेका छन।

महन्थ पक्षलाई हटाउन उपेन्द्र पक्षको कार्यकारिणी समितिको बैठक बस्दै गर्दा पार्टीका अर्का अध्यक्ष महन्थ ठाकुरले २० जना कार्यकारिणी समिति सदस्य थपेर सो नामावली निर्वाचन आयोगलाई बुझाएका छन्। उपेन्द्र यादवलाई जसपाका यादवहरुले समर्थन जनाएपछि कार्यकारिणी समितिमा अल्पमतमा देखिएका अध्यक्ष ठाकुरले आफ्ना पक्षबाट २० जना सदस्य थपेका छन। जेठ ३० गते ठाकुरले आफूपक्षीय बैठक राखेर २० जनाको नाम थपेका थिए। थपिएका नाम दर्ता किताबमा अध्यावधिकका लागि असार १ गते उनले आयोगमा दर्ता गराएका छन। दर्ता गराउनका लागि केशव झा निर्वाचन आयोग पुगेका थिए। जसपामा हटाउने र थप्ने खेल जारी छ। निर्वाचन आयोगले ठाकुर यादव दुवैले गरेको कार्वाहीलाई मान्यता नदिने निर्णय गरेको छ। निर्वाचन आयोगको निर्णयमा चित्त नबुझाएर दुवै पक्षले कार्वाही गर्न पछि परेका छैनन्। जेठ ३० गते नै आयोगले एकजना अध्यक्षले मात्र कसैलाई हटाउन वा कसैलाई राख्न नमिल्ने निर्णय गरेको थियो। उपेन्द्र पक्षले ठाकुरपक्षलाई कार्वाही गर्ने,मन्त्रीहरूलाई पार्टीबाट निस्कासन गर्ने काम एकपछि अर्को गर्दै आएका छन।

ठाकुरले २० जनाको नाम थपेर आयोगमा अध्यावधिकका लागि पठाएका छन। निर्वाचन आयोगले त्यसलाई दर्ता गरेपनि थप निर्णय भने लिइसकेको छैन। थप गरिएका २० जनामध्ये सबैजना महन्थ ठाकुर र राजेन्द्र महतो पक्षका हुन्। त्यसमा शरतसिंह भण्डारी, राजकिशोर यादव र अनिलकुमार झाका पक्षका नेतालाई नराखिएपछि असन्तुष्टि समेत देखिएको छ। कार्यकारिणी समितिमा थपिएका २० जनामा-बाबुलाल साह, विजय गुप्ता, अर्जुन उप्रेती, अरविन्द साह, जयप्रकाश ठाकुर, उपेन्द्र महतो, मुकेश झा, शतरजित यादव, एकवाल मियाँ, रमेश पटेल, विमल श्रीवास्तव, उमाशंकर अरगरिया, सन्तोष मेहता, डा.विजय सिंह, कृष्ण सिंह, परमेश्वर साह, अभिराम शर्मा, राजिव झा, सुरेश मण्डल र डा.सुरेन्द्र झा छन। थप्ने र हटाउने दुवै कामलाई निर्वाचन आयोगले मान्यता दिन नसक्ने जनाउँदै गर्दा भएका काम जग हसाउने काम हो। बैकल्पिक राजनीतिक शक्ति बन्न खोजेको दलमा देखिएको विवाद जुँघाको लडाइँ हो।



# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारिरीक झमेला | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : मानसिक तनाब | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मन चञ्चल |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# युवा संघद्वारा असहायलाई खाद्यान्न वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ असार**

नेकपा (एमाले) निकट युवा सङ्घ नेपालले पोखरा महानगरपालिका-१७ का असहाय तीन परिवारलाई राहत वितरण गरेको छ।

कोरोना भाइरस सङ्क्रमण रोकथामका लागि लामो समयदेखि गरिएको निषेधाज्ञाको कारण दैनिक ज्यालादारी गरेर जिविकोपार्जन गर्ने असहाय एवं विपन्न परिवारलाई २२ हजार मूल्य बराबरको राहत सामग्री वितरण गरिएको हो। रोग भन्दा भोकसँग लड्दै आएका रातोपैह्राका अपाङ्गता भएका १८ वर्षीय पूर्ण थापामगरका सात जना परिवारको लागि नौ हजार र सोही स्थानका १६ वर्षीय अपाङ्गता भएका सुजन नेपालीको परिवारलाई छ हजार बराबरको खाद्यान्न सामग्री उपलव्ध गराएको सङ्घका जिल्ला अध्यक्ष सिविद्र भण्डारीले जानकारी दिनुभयो। यस्तै मुस्ताङचोकस्थित एकल महिला सेतु सुनारको परिवारलाई सात हजार मुल्य बराबरको चामल, दाल, तेल, नून, चिउरा, साबुनलगायत विभिन्न सरसफाइका सामग्री समेत वितरण गरिएको छ।

# एक सयभन्दा बढी परिवारलाई सुरक्षित ठाउँमा सारियो

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ३ असार**

केही दिनयताको निरन्तरको वर्षापछि म्याग्दीका विभिन्न ठाउँमा बाढी, पहिरो र कटानबाट प्रभावित १०० भन्दा बढी परिवार विस्थापित भएका छन्।

नदी कटान, पहिरो र बाढीले घर भत्काएका, बगाएका र जोखिममा परेका जिल्लाका ८३ घर परिवारका ३४० जनालाई सुरक्षित ठाउँमा स्थानान्तरण गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। प्रहरीको विवरणमा समावेश नभएकासहित जिल्लाभर विस्थापित हुनेको परिवार सङ्ख्या १०० भन्दा बढी छ। प्रहरी नायब उपरीक्षक श्यामकुमार राईले जिल्लाका सबै स्थानीय तह मनसुनजन्य प्रकोपबाट प्रभावित भएको र सडक यातायात ठप्प बनेको बताउनुभयो। प्रहरीका अनुसार बेनी नगरपालिकाको बगरफाँट, सिंगा तातोपानी र घतानमा ४६ घरका १७९ जना विस्थापित भएका छन्। मङ्गला गाउँपालिकाको हाँडेभिरको एक घरका पाँच, मालिका गाउँपालिकाको वडा नं १, ४ र ६ को २० घरका ८५, अन्नपूर्ण गाउँपालिकाको वडा नं ५ र ६ का १० घरको ४२ तथा रघुगङ्गा गाउँपालिकाको वडा नं २ र ४ को आठ घरका ३० जनालाई सुरक्षित ठाउँमा स्थानान्तरण गरिएको छ।

यसैगरी धवलागिरि गाउँपालिकाको खोरियामा सडकबाट आएको बाढीले १४ घर विस्थापित भएका गाउँपालिकाले जनाएको छ। मालिका गाउँपालिका-२ मा नौ घर बाढी पहिरोले बगाएको र २० घर परिवार विस्थापित भएको वडासदस्य समबहादुर विकले बताउनुभयो।

यसैगरी रघुगङ्गा-८ का वडाध्यक्ष गमान छन्त्यालले चौरखानी गाउँका ३५ घरपरिवार विस्थापित भएको र घ्यासीखर्कमा रहेको स्वास्थ्य चौकी रघुगङ्गा नदीको कटानको जोखिममा परेको बताउनुभयो।

भौगोलिक विकटताका सार्थ सडक र सञ्चार अवरुद्ध भएकाले खोरिया, रुम र कुइनेमङ्गलेमा प्रहरी पुगिसकेको छैन। सुरक्षाकर्मी, जनप्रतिनिधि र स्थानीयवासी जोखिमयुक्त बस्तीका मानिसलाई सुरक्षित ठाउँमा स्थानान्तरण गर्न खटिएका छन्।

# विश्वासको मतको परीक्षण गर्ने स्थल प्रतिनिधिसभा मात्रै हो : सभामुख

**रासस**
**काठमाडौं, ३ असार**

सभामुख अग्निप्रसाद सापकोटाले नेपालको संविधानअनुसार प्रधानमन्त्रीमा दावी प्रस्तुत भएपछि विश्वासको मतको परीक्षण गर्ने स्थल प्रतिनिधिसभा मात्रै भएको बताउनुभएको छ। प्रतिनिधिसभा विघटनविरुद्ध १४६ सांसदले दायर गरेको रिट निवेदनमा आज लिखित जवाफ पठाउँदै सभामुख सापकोटाले विश्वासको परीक्षण गर्ने स्थल प्रतिनिधिसभा नै भएको बताउनुभएको हो।

"प्रतिनिसभामा १४९ जना सदस्यको समर्थनसहित धारा ७६ (५) बमोजिम प्रधानमन्त्रीमा नियुक्त गर्न शेरबहादुर देउवाको दावी प्रस्तुत भएपछि विश्वासको मत प्राप्त गर्न सक्ने आधार परीक्षण गर्ने स्थल भनेको प्रतिनिसभा मात्र हो" सभामुख सापकोटाले पठाउनुभएको लिखित जवाफमा भनिएको छ", "राष्ट्रपतिलाई विश्वासको मत प्राप्त गर्न सक्ने आधारको परीक्षण गर्ने अधिकार धारा ७६(५) तथा धारा ६६ ले दिएको अवस्थासमेत छैन, तसर्थ पनि राष्ट्रपतिको निर्णयसमेतका कार्य गैरसंवैधानिक रहेको छ।" सभामुख सापकोटाले गत वैशाख २७ गते प्रतिनिधिसभामा विश्वासको मतका लागि मतदान हुँदा विश्वासका पक्षमा ९३ र विपक्षमा १२४ मत परेपछि प्रधानमन्त्री पदबाट मुक्त भएको उल्लेख गर्नुभएको छ। यस्तै विघटन संवैधानिक सर्वोच्चता तथा विधिको शासनको प्रतिकूल भएको तथा नेपाली जनताको स्थिरता र सुशासनको भावनामाथि कुठाराघात पनि भएको सभामुखको जवाफमा समेटिएको छ। संविधानबमोजिम आधार पूरा गरी १४९ प्रतिनिधिसभा सदस्यको हस्ताक्षरसहित प्रधानमन्त्रीका लागि दावी प्रस्तुत गरिसकिएको जनाउँदै सभामुखले पदमा विवाद सिर्जना गरी आफ्नो क्षेत्राधिकारभन्दा बाहिरको प्रश्न उठाएर प्रतिनिधिसभा नै विघटन गर्ने कार्य संवैधानिक नैतिकता, संवैधानिक वस्तुनिष्ठता वा निष्पक्षतावाद, सुशासन तथा वैधानिक संवैधानिक विश्वास तथा संवैधानिक संस्कार वा व्यवहारवादसमेतको वर्खिलाफ भएको जनाउनुभएको छ।

गत फागुन ११ गते सर्वोच्च अदालतबाट भएको फैसला विपरीत राष्ट्रपति र प्रधानमन्त्रीबाट अदालतको व्याख्यात्मकरूपमा स्थापित गरेको कानूनी सिद्धान्तको उल्लंघन भएको उल्लेख गर्दै सभामुखले प्रतिनिधिसभाको पुनः विघटन फैसला स्थिरताको सिद्धान्त विपरीत रहेको जवाफमा लेख्नुभएको छ।

# चर्चा भएको एक दशकमा बल्ल निर्माण हुने आशा

**– कृष्ण न्यौपाने**
**दमौली, ३ असार**

चार वेद अठार पुराणका रचयिता वेदव्यासको जन्मभूमि दमौलीलाई धार्मिक पर्यटकीय क्षेत्र बनाउन एक दशकअघिदेखि प्रयास हुँदै आएको छ। व्यासभूमि दमौलीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा परिचित गराउने उद्देश्यसहित विगतमा विविध कार्यक्रम हुँदै आएका छन्।

व्यासभूमिलाई प्रचार गर्न १०८ फिटको व्यासमूर्ति निर्माणको चर्चा भएको एक दशक भयो। मूर्ति निर्माणका लागि रकम सङ्कलन गर्ने उद्देश्यसहित विसं २०६८ मा महायज्ञ लगाइयो। महायज्ञबाट रु ७० लाख रकम सङ्कलन भयो। मूर्ति निर्माणका लागि करोडौं बजेट लाग्ने भएपछि मूर्ति निर्माणको प्रयास सफल हुन सकेन। मूर्ति निर्माणका लागि जनस्तरबाट व्यास क्षेत्र शिवपञ्चायन विकास कोष गठन गरिएको छ। स्थानीय तहमा जनप्रतिनिधि आएपछि भने व्यासमूर्ति निर्माणले सार्थकता पाउने देखिएको छ। जनप्रतिनिधिको चासो र समितिको अग्रसरताका कारण व्यासमूर्ति निर्माणको काम शुरु हुन लागेको छ। मूर्ति निर्माणका लागि रु ७१ करोड दुई लाख १० हजार ८८९ रकम आवश्यक पर्दछ। पहिलो चरणमा रु पाँच करोड ५० लाख ५५ हजार ६४० को लागतमा मूर्ति अड्याउने स्तम्भ निर्माणको काम शुरु भएको छ। लामो समयको प्रयासपछि निर्माणकार्यले मूर्तरुप लिन लागेको व्यास क्षेत्र शिवपञ्चायन विकास कोषका अध्यक्ष अशोककुमार श्रेष्ठले बताउनुभयो। "चर्चा भएको त धेरै वर्ष भयो, जे होस् अब मूर्ति निर्माणको कामको प्रारम्भ भएको छ, बजेट अभाव रहे पनि सङ्घ र प्रदेश सरकारसँगको सहकार्यमा मूर्ति निर्माण सम्पन्न हुने अपेक्षा लिएका छौँ", उहाँले भन्नुभयो।

पहिलो चरणमा मूर्ति अड्याउन स्तम्भ निर्माणका लागि नगरपालिकाले ठेक्का आह्वान गरेको थियो। नगरपालिकाले एक वर्षभित्र सम्पन्न गर्ने गरी गौरी पार्वती, देव एण्ड सयर/ऋषिशक्ति जेभीसँग सम्झौता गरेको छ। मूर्ति निर्माणका लागि व्यास नगरपालिकाको प्रस्तावमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले साझेदारी गरेको छ। त्यसका लागि मन्त्रालयले रु चार करोड ५५ लाख बजेट उपलब्ध गराएको छ।

गण्डकी प्रदेशको पर्यटन मन्त्रालयमार्फत पनि कोषलाई चालु आर्थिक वर्षमा रु ३० लाख बजेट प्राप्त भएको थियो। उक्त रकमबाट पूर्वतर्फको प्रवेशद्वार र देउरालीनगरतर्फबाट आउने बाटो निर्माणको काम गरिनेछ। मन्त्रालयबाटै गत वर्ष प्राप्त रु १० लाखको लागतमा मुख्य प्रवेशद्वारको केही काम गरिएको छ।

विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)अनुसार मूर्ति र पेडेस्टल (स्तम्भ) निर्माणका लागि मात्रै रु ३४ करोड १६ लाख ७६ हजार ९९३ लाग्ने अनुमान गरिएको छ। मूर्ति निर्माणको थालनी विसं २०६८ देखि भएको थियो। मूर्ति निर्माणका लागि रकम सङ्कलन गर्न सो बेला आयोजना गरिएको महायज्ञबाट करिब रु ७० लाख सङ्कलन भएको थियो। उक्त रकममध्ये रु १० लाखको लागतमा नमूना मूर्ति निर्माण गरिएको छ, जुन नगरपालिकाको हाताभित्र राखिएको छ। व्यासमूर्ति निर्माणमा ३० हजार किलो तामा आवश्यक पर्ने अनुमान छ। पेडेस्टल (स्तम्भ)भित्र सङ्ग्रहालय, पुस्तकालय हल प्रस्ताव गरिएको छ। गुरुयोजनाअनुसार व्यासको मूर्तिका अलवा प्रवेशद्वार, पार्किङ, टिकट काउण्टर, गार्ड घर, कोशेली घर, बिक्री कक्ष, धर्मशाला, प्रवचन हल, योग हल, समितिको सचिवालय बैठक कक्ष, सङ्ग्रहालय, वृत्तचित्र हल, व्यास पुस्तकालय, शौचालय, बगैँचाका साथै विश्राम घर, तलाउसहितको मत्स्यगन्धा उद्यान, चमेनागृह, पुजारी घर, २७ वटा साना व्यासका मूर्ति, व्यासका अनुयायीका पाँच साना प्रतिमा र गणेश बसेर वेद लेखेको सानो मूर्ति प्रस्ताव गरिएको छ। यी सबै संरचना निर्माणका लागि ६० रोपनी क्षेत्रफल जग्गा आवश्यक पर्दछ। करिब पाँच हजार ५०० वर्ष अगाडि व्यासको यस क्षेत्रमा अवतरण भएको धार्मिक विश्वास छ। व्यास ऋषिको जन्मबारेको प्रसङ्गमा दमौलीदेखि आठ किमीपूर्व छाब्दी बाराहको मन्दिरदेखि करिब ५० मिटर पश्चिमपट्टिको कुण्डमा व्यासकी माता सत्यवतीको जन्म भएको थियो। माछाको रूपबाट जन्म भएकाले त्यस कुण्डको नाम मच्छे कुण्ड रहन आएको हो भनिन्छ। विश्वको सबभन्दा लामो (एक लाख श्लोक) र दोस्रो महाकाव्य 'महाभारत' पूर्वीय लौकिक संस्कृत साहित्यको ऐतिहासिक आर्ष ग्रन्थ र बृहत् ज्ञानराशि भएको धर्मग्रन्थमा महाभारत र पुराणका रचयिता तथा चारै वेदका सम्पादक व्यासको तपस्यास्थल नेपालकै दमौली नजिकको गुफामा रहन्थे भन्ने भनाइ छ।योगी नरहरिनाथले 'आध्यात्मिक नेपाल एवं हिमालय देवोदेश'मा पाँच नदी सेती, मादी, बुल्दी, गुणादी र र छाब्दीको सङ्गमलाई व्यासको जन्मभूमि, कर्मभूमि र तपोभूमि, स्वामी प्रपन्नाचार्यले 'मिल्केका झिल्का' मा दमौली क्षेत्रलाई र कुमारबहादुर जोशीले आफूले अन्तर्वार्ताका क्रममा मादी तथा सेतीको सङ्गम नै व्यास(कृष्ण द्वैपायन)को जन्मस्थल भएको पाएको जनाउनुभएको छ। आइलभइन्डिया डटकमले समेत व्यासको जन्म तनहुँको दमौलीमा भएको उल्लेख गरेको छ। कतिपय भारतीय वेबसाइटमा भने व्यासको जन्म यमुना नदीको कल्पीद्वीपमा भएको भनेर लेखिएको पाइन्छ। आइलभइन्डियामा व्यासले एउटा गुफामा बसेर महाभारत लेखेको उल्लेख गरेको छ। उक्त गुफा अहिले व्यास गुफाको नामबाट परिचित छ। व्यासलाई कृष्णद्वैपायनको नामबाट समेत चिनिने र महान महाकाव्य महाभारतका लेखक, वेदव्यास सनातन धर्मको पहिलो र ठूलो आचार्य मानिन्छ।

विभिन्न स्रोतका अनुसार व्यासको जन्म पराशर र सत्यवतीबाट भएको मानिछ। घुम्दै फिर्दै एकदिन पराशर ऋषि र सत्यवतीको भेट हुँदा पराशर ऋषिले ऋतुदान लेउ भनी सत्यवतीसँग अनुरोध गर्दा सत्यवतीले 'म यति सानी बालिका, तपाईं जवान मानिससँग कसरी ऋतुदान लिने' भन्दा पराशरले म तिमीलाई मजस्तै जवान बनाइदिन्छु भनी प्रतिज्ञा गरी सत्यवतीलाई आफू समान बनाएपश्चात पराशर र सत्यवतीको सम्बन्धबाट व्यासको जन्म भएको भनिएको छ। पछि आमाको पूजाका लागि व्यास ऋषिले दमौलीबाट पूर्व दिशामा छाब्दी बराहमा माछाको पूजाआजा चलाएको मानिन्छ। त्यो आजसम्म पनि निरन्तर छ र व्यासको जन्म दमौलीमा नै भएको भन्ने बलियो प्रमाणका रूपमा रहेको छ।

# बाढीपहिरो खोज र उद्धारमा सेना

**रासस**
**काठमाडौं, ३ असार**

नेपाली सेना अविरल वर्षाबाट देशका विभिन्न भागमा भएको बाढीपहिरो र डुबान प्रभावित क्षेत्रमा खोज र उद्धारमा जुटिरहेको छ। सेनोले मेलम्ची बाढीपहिरो प्रभावितका लागि संघसंस्थाबाट प्राप्त राहत सामग्री हेलिकप्टरद्वारा काठमाडौँबाट मेलम्चीसम्म ढुवानी गरी वितरण गरेको छ।

बाढीका कारण भत्किएका/पुरिएका ११ घरबाट सामान निकाली सुरक्षित स्थानमा स्थानान्तरण गर्न सेनाले सहयोग सहयोग गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ। काभ्रेपलाञ्चोक तैनाथ सुरक्षा पोष्ट अम्बाथानबाट खटिएको टोलीले एक नेपाली र ३ चिनियाँको उद्धार गरेको जनाइएको छ। मनाङको चामेस्थित सिरनतालबाट २४ र थोंचेबाट ११ बाढीपहिरो प्रभावितलाई सुरक्षित स्थानमा पुर्‍याइएको छ। म्याग्दीको मंगला गाउँपालिका-४ मा पहिरामा पुरिएर सिकिस्त घाइते भीमकला बुढा मगरलाई थप उपचारका लागि हेलिकप्टरद्वारा पोखरा ल्याइएको सेनाले जनाएको छ।

सल्यानको शारदा नगरपालिका-६ बरलास्थित शारदा खोलाको वहाव बढेपछि खेतमा काम गरिरहेका किसान फसेको हुँदा खोला पार गर्न पनि सेनाले सहयोग गरेको छ। मुस्ताङको घबरजंग गाउँपालिका-५ र गुल्मीको रेसुङ्गा नगरपालिका-२ का बासिन्दाका घरमा पहिराले क्षति पुर्‍याएकामा सेनाले उद्धार गरेको थियो। कास्कीको मादी गाउँपालिका-२ मा निर्माणाधीन सुपरमादी जलविद्युत् आयोजनाको कलबन्दीमा सुरुङ्ग निर्माणमा संलग्न अलपत्र परेका १६० जनालाई उद्धार गरी सुरक्षित स्थानमा पुर्‍याउन सहयोग गरिएको निर्देशनालयले जनाएको छ।

# पहिराले खानेपानी अवरुद्ध

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३ असार**

ठाउँठाउँमा गएको पहिराले पाइपमा क्षति पुर्‍याएपछि बागलुङ बजारमा खानेपानी अवरुद्ध भएको छ।

रेश, भुँदी र रिठ्ठेखोला मुहानबाट ल्याइएको खानेपानीको पाइपमा क्षति पुगेको बागलुङ नगर खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले जनाएको छ। लगातारको वर्षासँगै भुँदीखोला मुहान नजिक जिरेदीमा १३ वटा पाइप पहिराले बगाएको संस्थाका प्रबन्धक हिमाल शर्माले बताउनुभयो। सुल्डाँडास्थित ट्याङ्कीछेउ पनि पहिरा खस्दा पाँच पाइपमा क्षति पुगेको छ। बोक्सेलगायत अन्य कैँयन ठाउँमा खानेपानीका पाइपमा क्षति पुगेको जनाइएको छ।

"आयोजनामा ठूलो क्षति र अवरोध पुगेको छ, खानेपानीको सहज आपूर्ति हुन हप्ता दिन जति लाग्छ", प्रबन्धक शर्माले भन्नुभयो। क्षति पुगेका ठाउँमा संस्थाका प्राविधिक र कर्मचारी मर्मतका लागि खटिइसकेको उहाँको भनाइ छ। पहिराको जोखिमका कारण बागलुङ नगरपालिका-३ मा निर्माणाधीन 'लिफ्टिङ' आयोजना पनि प्रभावित बनेको छ।

शनिबारदेखि जारी वर्षाका कारण जिल्लाभर बाढीपहिराका घटना बढेका छन्। पहिराको जोखिमले दर्जनौं परिवार विस्थापनमा परेका छन्। कतै धनमाल त कतै पशुचौपाया पहिरामा पुरिएका छन्। विस्थापित छिमेकीकहाँ आश्रय लिइरहेका छन्।

# कालीगण्डकीले तटबन्ध बगाएपछि बेनीमा कटान

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ३ असार**

कालीगण्डकी नदीमा आएको बाढीले तटबन्ध बगाएपछि म्याग्दीको सदरमुकाम बेनी बजार कटानको उच्च जोखिममा परेको छ।

बेनी नगरपालिका-८ सङ्गमचोकको पछाडि र कालीपुल बसपार्क क्षेत्रमा मङ्गलबार राति कालीगण्डकीले तटबन्ध बगाएर कटान गरेको हो। दुई ठाउँमा करिब ३० मिटर तटबन्ध बगाएर बजारतर्फ कटान गर्न थालेको क्याम्पसचोक टोल सुधार समितिका अध्यक्ष ठाकुर शर्माले बताउनुभयो।

"तटबन्ध भत्काएर बजारतर्फ कटान शुरु गरेको छ", उहाँले भन्नुभयो, "तत्काल नियन्त्रण नगरे बर्खामा बेनी बजारमा थप क्षति हुन्छ।" रुपाताल एकीकृत विकास संरक्षण परियोजनामार्फत बेनी बजार संरक्षणका लागि कालीगण्डकी र म्याग्दी नदी किनारमा पक्की तथा ग्याबियन पर्खाल निर्माण हुँदै आएको छ। तटबन्ध भत्किएपछि कालीगण्डकीको भँगालो बजारतर्फ सोभिएर कटान गर्न थालेको हो। बेनी-७ मा पर्ने बेनी बजारमा एक हजार भन्दा बढी घरधुरीको बसोबास छ। तीसभन्दा बढी सरकारी कार्यालयका भवन छन्। गत शनिबार कुरीलाखर्क, महारानी थानदेखि बेनी-अर्थुङ्गे सडकबाट आएको बाढी पसेर मङ्गलाघाटमा रहेको वन डिभिजन, भू-संरक्षण र कृषि ज्ञान केन्द्रको आवास क्षेत्रका सातवटा भवनसँगै नर्सरीमा क्षति पुऱ्याएको थियो। जामुनाखर्कको पाखोबाट आएको बाढीले बेनीको अस्पताल चोक र कालीपुल बसपार्कलाई बगरमा परिणत गरेको छ। बसपार्कको सडक र पार्किङ क्षेत्रमा बाढी थुप्रिएर बगर बनेको स्थानीयवासी रुद्र सुवेदीले बताउनुभयो। माथिल्लो क्षेत्रमा पहिरो जाँदा मुख्य नदीमा बाढीको आयतन बढेर तटीय क्षेत्रमा कटानको जोखिम बढाएको हो।

पहिरोले पाइपलाइनमा क्षति पुऱ्याएपछि बेनी बजारमा खानेपानी आपुर्ति बन्द भएको छ। बुधबार साँझदेखि म्याग्दीमा विद्युत्समेत अवरुद्ध भएको छ। बेनीदेखि ग्रामीण बस्ती, छिमेकी जिल्ला बागलुङ, पर्वत, मुस्ताङ र प्रदेश राजधानी पोखरा जोड्ने सडक अवरुद्ध भएको छ। बेनी बजार संरक्षणका लागि प्रयोग भएको कम्पोजिट पर्खालको प्रविधि प्रभावकारी बनेको छ। बेनी बजारलाई कालीगण्डकी र म्याग्दी नदीको कटानबाट बचाउन रुपाताल संरक्षण एकीकृत विकास परियोजनाले चालु आर्थिक वर्षदेखि कम्पोजिट पर्खालको प्रविधि अपनाएको थियो। यसअघि नदी किनारमा ढलान, ग्याबियन र मेसिनरी पर्खाल निर्माण गर्दै आएको थियो। परियोजनाका इञ्जीनियर कृष्ण विश्वकर्माले जगमा आरसिसी र माथि मेसिनरी अथवा ग्याबियन पर्खाल लगाउने कम्पोजिट वालको प्रविधि सफल भएको बताउनुभयो। "कम्पोजिट प्रविधिको पर्खाल लगाएको ठाउँमा बाढीले क्षति पुऱ्याएको छैन", उहाँले भन्नुभयो, "आगामी वर्षको योजनामा पनि कम्पोजिट पर्खाल बनाउने डिजाइनका लागि प्रस्ताव गरेका छौँ।" यस वर्ष मङ्गलाघाट र कालीपुल क्षेत्रमा १०० मिटरभन्दा बढी कम्पोजिट प्रविधिको पर्खाल निर्माण भएको थियो। डिपिआरमा आरसिसी, मेसिनरी र ग्याबियन पर्खाल बनाएर नदी नियन्त्रण गर्ने प्रस्ताव गरिएको छ।

खोलाको सतहदेखि दुई मिटर तलसम्म जग खनेर चार मिटर चौडाइको आरसिसी गरेको पर्खाल बनाइएको छ। मङ्गलाघाटतर्फ आरसिसी पर्खालमाथि साढे तीन मिटर अग्लो मेसिनरी र कालीपुल क्षेत्रमा साढे तीन मिटरकै अग्लो ग्याबियन पर्खाल लगाइएको छ। कम्पोजिट पर्खाल निर्माण भएको ठाउँमा बाढीले क्षति पुऱ्याएको छैन। अस्थायी प्रकृतिको ग्याबियन र पक्की आरसिसी पर्खाल दुवैले बाढी थेग्न नसकेपछि विकल्पमा कम्पोजिट पर्खाललाई प्राथमिकता दिइएको परियोजनाले जनाएको छ।

# मनसुनको शुरुआत मै बाढी पहिरा : सातको मृत्यु, २५ जना बेपत्ता

**–नारायण ढुंगाना**
**काठमाडौं, ३ असार(रासस)**

मनसुनको शुरुआत मै देशका विभिन्न स्थानमा बाढीपहिरोको अकल्पनीय घटना हुन थालेका छन्। सिन्धुपाल्चोक, मनाङ, जाजरकोटलगायत १७ जिल्ला गत जेठ २८ पछि आएको बाढीपहिरोले प्रभावित हुन पुगेको छ।

विज्ञका अनुसार यसपाली अप्रत्यासित रूपमा लेदो र गेगरसहितको बाढी आएको थियो। यसले बढी क्षति पुऱ्याउन मद्दत गऱ्यो। मौसम पूर्वानुमान महाशाखाले देशका अधिकांश क्षेत्रमा बर्षा हुने र केही ठाउँमा अति भारी हुने अनुमान सार्वजनिक गरेको थियो। पूर्व सूचनाका बीच पनि शुरुआती चरणमै मनसुनजन्य घटनाबाट हुने असर न्युनिकरण हुन सकेन। सिन्धुपाल्चोकको हेलम्बु र मेलम्ची क्षेत्रमा नसोचेको बाढी आउँदा बजार नै तहसनहस हुन पुगेको छ। गत जेठ २८ गते मनसुन प्रवेश गरी ३० गते देशैभरी फैलिएसँगै आएको भारी वर्षाका कारण मुलुकका विभिन्न जिल्लामा सात जनाको मृत्यु भएको छ। अन्य २५ जना हराइरहेका छन्। गत वर्ष भेलपहिरोका कारण ठुलो जनधनको क्षति बेहोरेको सिन्धुपाल्चोकले यसपाली पनि मनसुनको शुरुवाती समयमै त्यसैगरी प्रभावित हुन पुगेको छ। प्राप्त विवरण अनुसार सिन्धुपाल्चोकमा आजसम्म तीन जनाको मृत्यु भएको छ भने बाजुरा, पाल्पा, डोटी र कास्कीमा एक/एक जनको मृत्यु भएको गृहमन्त्रालयले जनाएको छ। सिन्धुपाल्चोकमा मृत्यु भएकामा दुई जना चिनिया नागरिक छन्। एक जनाको शव सिन्धुलीमा भेटिएको जनाइएको छ।

सिन्धुपाल्चोकका सहायक प्रमुख जिल्ला अधिकारी बाबुराम खनालले अहिलेसम्म सिन्धुपाल्चोक १४ जना सम्पर्क बिहीन रहेको जानकारी दिनुभयो। हराएका १८ मध्य चार जना सम्पर्कमा आइसकेका छन्। जाजरकोटमा विकट क्षेत्रमा ७ जना हराइरहेका छन्। बाजुरा, प्यूठान, अर्घाखाँची र काभ्रेमा एक/एक जना वेपत्ता छन्।

सिन्धुपाल्चोकमा यसपाली पनि अप्रत्यासित रूपमा बाढी आएको हो। हेलम्बु गाउँपालिका वडा नं १ नाकुत्तेभन्दा ५०० मिटर माथिबाट पहिरो खसेर मेलम्ची नदी थुनिएको र त्यही फुटेपछि ठुलो दुर्घटना हुन पुगेको सिन्धुपाल्चोक प्रशासनले जनाएको छ। त्यसले हेलम्बु र मेलम्चीको नदी आसपास क्षेत्रमा ठुलो असर पुऱ्याएको छ। सिन्धुपाल्चोकलगायत प्रभावित जिल्लामा उद्धार र राहत वितरण जारी रहेको जनाइएको छ। अहिलेसम्म सिन्धुपाल्चोकका जोखिम क्षेत्रबाट ७४ जनाको उद्धार गरेर सुरक्षित ठाउँमा राखिएको जनाइएको छ।

मेलम्ची नगरपालिकामा ६०० जना, हेलम्बु गाउँपालिकामा ३०० बढी प्रभावित भएको जानकारी आएको सहायक प्रमुख जिल्ला अधिकारी खनालले बताउनुभयो। उहाँका अनुसार अन्य विवरण संकलन जारी रहेको जनाइएको छ। भौतिक क्षेत्रको विषयमा आजदेखि विवरण सङ्कलन थालिएको छ।

जाजरकोटमा भएको घटना भने गत जेठ ३१ गते भएको थियो। जिल्ला सदरमुकामबाट निक्कै टाढा तथा चार हजार ८०० मिटरको उचाईमा घटना हुन पुगेकाले विवरण ढिला आएको हो। जिल्लामा सात जना हराइरहेका छन्। घटनास्थलमा प्रहरी टोली पठाइएको तर विस्तृत विवरण आइसकेको छैन। कुसे गाउँपालिका ८ जलजला पाटनमा अविरल बर्षा र हावाहुरीले गर्दा सात जना हराइरहेका जाजरकोटका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद देवकोटाले राससलाई जानकारी दिनुभयो। उहाँका अनुसार पाटनमा गाइवस्तु लिन गएका ११ जना मध्य अन्य चार जना भने सम्पर्कमा आएका छन्। विभिन्न जिल्लामा गरेर १२ जना घाइते भएको र उनीहरूको उपचार जारी रहेको छ। सरकारले उनीहरूको उपचार निशुल्क गर्ने घोषणा गरिसकेको छ।

**बाढी पहिरोले १२९ घर बगायो**

मनसुनपछि मुलुकका विभिन्न क्षेत्रमा बर्षापछि आएको बाढी पहिरोका कारण अहिलेसम्म १२९ घर पूर्ण क्षति भएको राष्ट्रिय आपत्कालिन कार्य सञ्चालन केन्द्रका प्रमुख दिलकुमार तामाङ्गले जानकारी दिनुभयो। उहाँका अनुसार बाजुरामा दुई, गोरखामा चार, मनाङमा ५९, सिन्धुपाल्चोकमा १६, लमजुङगमा १८, अर्घाखाँचीमा १२, र कास्कीमा १८ घर पूर्ण क्षति भएको छ। अझै क्षतिको विवरण थपिने क्रममा रहेको छ। यस्तै विभिन्न जिल्लामा ११४ घर आंशिक क्षति भएको जनाइएको छ।

**उद्धार र राहत वितरण जारी**

मनाङको चामे र तालगाउँ क्षेत्रका ५०० बढी प्रभावितहरूलाई यहाँको सिरनताललगायत अस्थायी आश्रयस्थलमा लगेर राखिएको छ।

यस्तै सिन्धुपाल्चोकको जोखिम क्षेत्रबाट ८० जनालाई उद्धार गरिएको छ। त्यहाँ उद्धारमा नेपाली सेनाको हेलिकप्टर समेत प्रयोग गरिएको थियो। घाइते भएका ६ जनालाई उपचारका लागि सेनाको हेलिकप्टरबाट ललितपुर स्थित विएण्डवी अस्पतालमा ल्याईएको छ। सो क्षेत्रमा २५० त्रिपाल, १०० टेन्ट, ५० स्लिपिङ व्यागलगायत सामान काठाडौँबाट पठाइएको छ भने जिल्लास्थित विपद् व्यवस्थापन समितिबाट अन्य व्यवस्थापन कार्य जारी रहेको छ। दाङस्थित राप्ती नदीको टापुमा भैसी चराउन गएका बेला फसेका चार जनालाई सकुसल उद्धार गरिएको छ। यस्तै कास्कीको मादी गाउँपालिका १ स्थित विस्थापित १८ परिवारलाई दुधपोखरी माविमा ल्याएर राखिएको आपतकालिन कार्यसञ्चालन केन्द्रले जनाएको छ।

---

**नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लि.**
**Nepal Agro Laghubitta Bittiya Sanstha Ltd.**
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)

**केन्द्रीय कार्यालयः**
पोखरा-१८, विन्ध्यावासिनी, कास्की
फोन : ०६१-४१२४४५, ४१२४४६
website: www.nepalagro.com.np

## पाँचौं वार्षिक साधारण सभाको सूचना

**दोस्रो पटक सूचना प्रकाशन मिति : २०७८/०३/०४**

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८/०२/३० गतेको सञ्चालक समितिको ७४ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको पाँचौं वार्षिक साधारण सभा देहायका विषयमा छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम जानकारी तथा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।

**सभा हुने मिति, स्थान र समय**

**मिति** : २०७८/०३/२१ गते सोमवार (तद्अनुसार ५ जुलाइ, २०२१),
**स्थान** : सिटिस्क्वेयर प्रा.लि., न्यूरोड, पोखरा, कास्की,
**समय** : विहान ९:०० बजे।

**क. सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०७६/०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०७६/०७७ को नाफा नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्वन्धी विवरण र सम्वन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने।
३. आ.व.२०७७/०७८ को लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम रु.४,२१,८०१|- नगद लाभांश (बोनश शेयरको कर प्रयोजनका लागि) प्रदान गर्न स्वीकृत गर्ने।
५. संस्थापक तर्फबाट ४ जना सञ्चालकहरुको निर्वाचन गर्ने।
६. विविध।

**ख. विशेष प्रस्तावहरु**

१. वित्तीय संस्थाको सञ्चालक समितिको प्रस्ताव बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजी रु.५,७२,४४,४७०|-को १४ प्रतिशत बोनस शेयर जम्मा ८०,१४,२२६|- वरावर (अर्थात प्रत्येक १०० कित्ता शेयर वरावर १४ कित्ताका दरले) वोनश शेयर वितरण गर्न स्वीकृत गर्ने। तथा बोनस शेयरलाई जारी पूँजी तथा चुक्ता पूँजीमा बृद्धि गरी प्रवन्ध पत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव स्वीकृत गर्ने।
२. नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लिमिटेडलाई इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडले गर्ने प्राप्तिका सम्वन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
३. भविष्यमा अन्य उपयुक्त लघुवित्त वित्तीय संस्थालाई गाभ्ने/गाभिने वा प्राप्ति गर्ने कार्यका लागि सम्झौता गर्ने, DDA गर्ने लगायत अन्य गाभ्ने/गाभिने वा प्राप्तिसँग सम्बन्धित सम्पूर्ण प्रकृयाहरु पुरा गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्नुका साथै वित्तीय संस्थाको मिति २०७४/०९/२९ गतेको दोस्रो वार्षिक साधारण सभाको विशेष प्रस्तावको निर्णय नं. ३ बमोजिम "यस वित्तीय संस्थाले एक वा एक भन्दा बढि उपयुक्त बैंक/वित्तीय संस्थाहरु गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने वा प्राप्ति हुन जाने प्रयोजनका लागि उपयुक्त बैंक/वित्तीय संस्थाहरु पहिचान गर्ने, समझदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधार मा सैद्धान्तिक स्वीकृतिको लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्यांकन गर्न परामर्शदाता, मूल्यांकनकर्ता तथा लेखापरीक्षक वा लेखापरीक्षकहरु नियुक्त गर्ने तथा गाभ्ने/गाभिने तथा प्राप्तिसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु बमोजिम अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुबाट निर्देशन गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्न सर्वसम्मत रुपमा पारित गरियो।" भनि निर्णय भएकोमा पछिल्लो दुई आर्थिक वर्षभित्र मर्जर तथा प्राप्तिको उद्देश्य सम्पन्न नभएको हुँदा बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ को विनियम ५ बमोजिम विशेष परिस्थिति सृजना भएको अवस्थामा संस्थाको आगामी साधारण सभाबाट अनुमोदन गराउने गरी सञ्चालक समितिले संयुक्त मर्जर वा प्राप्ति (एक्विजिशन) को प्रक्रियालाई अगाडी बढाउने भनी निर्णय गरियो। सोही निर्णय अनुसार यस वित्तीय संस्थाको मर्जर कमिटिको मिति २०७७/१०/१८ को बैठकले गरेको सिफरिस अनुसार इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडसँग मर्जर तथा प्राप्तिमा जाने प्रक्रियालाई अगाडी बढाउन यस पाँचौं वार्षिक साधारण सभाबाट अनुमोदन गर्ने।
४. नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लिमिटेडलाई इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडले गर्ने प्राप्ति प्रयोजनको लागि मुल्यांकनकर्ताबाट प्राप्त भएको प्राप्ति हुने संस्थाको चल अचल सम्पत्ति र दायित्व मुल्याँकन प्रतिवेदन (Due Deligence Audit DDA) समेतको आधारमा मर्जर समितिबाट निर्धारण गरिएको शेयर आदन प्रदान अनुपात (Share Swap Ratio) एक बराबर शून्य दशमलव अन्ठानब्बे (१:०.९८) पारित गरी मर्जरलाई स्वीकृति प्रदान गर्ने।
५. नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लिमिटेडलाई इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडले गर्ने प्राप्ति प्रयोजनको लागि व्यवसायिक योजना तथा प्रक्षेपण (Business Plan and Projection) चल अचल सम्पत्ति र दायित्व मुल्याँकन प्रतिवेदन (Due Deligence Audit DDA) गर्न नियुक्त लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमीकलाई अनुमोदन गर्ने। साथै नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लिमिटेडलाई इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडले प्राप्ति गर्दा गरिने अन्तिम सम्झौता पत्र (MOU) लाई नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८/०२/३० गते बसेको सञ्चालक समितिको बैठकले गरेको सिफारिस बमोजिम यसै संस्थाको पाँचौं वार्षिक साधारण सभाबाट अनुमोदन गर्ने।
६. नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लिमिटेडलाई इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडले गर्ने प्राप्ति पछि गठन हुने सञ्चालक समितिमा यस वित्तीय संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरुको निर्णय गर्ने सञ्चालक समितिको निर्णयलाई अनुमोदन गर्ने तथा यस सम्बन्धी अन्य केहि निर्णय थप गर्नु पर्ने भएमा सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने।
७. नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लिमिटेडलाई इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडले गर्ने प्राप्ति पश्चात बन्ने लघुवित्त वित्तीय संस्थाको नाम **इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड** र अंग्रेजीमा "**Infinity Laghubitta Bittiya Sanstha Limited**" तथा वित्तीय संस्थाको केन्द्रीय कार्यालय गैंडाकोट-२, नवलपुरमा रहि सो नामबाट वित्तीय कारोबार गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने।
८. इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड र नेपाल एग्रो लघुवित्त वित्तीय संस्थाको शेयर आदन प्रदान अनुपात (Share Swap Ratio) एक बराबर शून्य दशमलव अन्ठानब्बे (१:०.९८) पारित गरी वित्तीय संस्थाको पाँचौ वार्षिक साधारण सभामा पेश गरी सो सभाबाट स्वीकृति प्राप्त भए पश्चात एकिकृत कारोबारको लागि नेपाल राष्ट्र बैंक समक्ष अनुरोध गर्ने।
९. सञ्चालक निर्वाचन सम्बन्धी निर्वाचन कार्यक्रम निर्वाचन अधिकृतले प्रकाशन गरी वित्तीय संस्थाको केन्द्रीय कार्यालयको सूचना पाटी/निर्वाचन अधिकृतको कार्यालयमा टाँस गरिनेछ।
१०. सञ्चालकको निर्वाचनमा उमेद्वार हुन चाहने शेयरधनीले वित्तीय संस्थाको कम्तीमा २० कित्ता शेयर धारण गरेको र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन/परिपत्र, वित्तीय संस्थाको नियमावली बमोजिम योग्य हुनुपर्नेछ।
११. वित्तीय संस्थाको सञ्चालक समितिका सदस्यहरुको कार्यकाल जतिसुकै बाँकी भएता पनि गाभ्ने गाभिने कार्य सम्पन्न भई नयाँ सञ्चालक समितिको गठन भए पश्चात विद्यमान सञ्चालकको बाँकी कार्यकाल स्वतः समाप्त भएको मानिने साथै नयाँ सञ्चालक समितिको कार्यकाल समेत प्राप्ति कार्य समापन पछि बन्ने संस्थाको प्रथम साधारण सभा नभएसम्म मात्र कायम रहने सम्बन्धी प्रस्ताव पारित गर्ने।
१२. नेपाल एग्रो लघुवित्त वित्तीय संस्था लिमिटेडलाई इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडले गर्ने प्राप्ति पश्चात हुने संस्थाको नाम, ठेगाना, अधिकृत पूँजी, चुक्ता पूँजी शेयर संरचना लगायतमा परिवर्तन हुने भएकाले सोहि बमोजिम हुने गरि प्रवन्धपत्र र नियमावलीको तीन महलमा उल्लेख भए अनुसारका आवश्यक दफा तथा नियम संसोधन/परिमार्जन/थपघट गर्ने तथा पारित प्रस्ताव नेपाल राष्ट्र बैंक कम्पनी रजिष्टारको कार्यालयबाट स्वीकृति लिने र अभिलेख गर्ने क्रममा आवश्यक संसोधन/परिमार्जन/थपघट गर्नुपरेमा सोहि अनुसार गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने।
१३. साधारण सभाबाट पारित विषेश प्रस्तावहरुको सम्वन्धमा नियमनकारी निकाय नेपाल राष्ट्र बैंक कम्पनी रजिष्टारको कार्यालय लगायत अन्य निकायहरुबाट स्वीकृति लिने र अभिलेख राख्ने क्रममा कुनै संसोधन/परिमार्जन/थपघट गर्न निर्देशन भएमा सो समेत मिलाई संसोधन/परिमार्जन/थपघट गर्ने लगायतका अन्य सम्पूर्ण कार्य गर्न गराउन सञ्चालक समितिलाई पूर्ण रुपमा अख्तियारी प्रत्यायोजन गर्ने।
१४. **विविध सम्वन्धमा।**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. वार्षिक साधारण सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरुले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई हाँजिरि पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। शेयरधनी महानुभावहरुको सुविधाको लागि हाँजिरि पुस्तिका सभाहलमा सभा हुने दिनको विहान ११ बजे देखी सभा सञ्चालन रहेसम्म खुला रहनेछ। विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को कारण सभामा उपस्थित हुदा नेपाल सरकार तथा विश्व स्वास्थ्य संगठनले तोके बमोजिम आवश्यक सामाजिक दुरी कायम हुने गरि हाँजिरि तथा सभा स्थलमा बस्ने व्यवस्था कायम गरिएको हुँदा भाइरस संक्रमणबाट बच्न बचाउनको लागि आवश्यक पर्ने माक्स, पञ्जा, सेनिटाईजर लगायतका न्युनतम सुरक्षा उपकरण प्रयोग गर्न सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध छ। नेपाल सरकारले तोकेको सिमा भन्दा बढी व्यक्ति भेला हुन नपाईने हुनाले अनलाईन (भर्चुअल) माध्यमबाट सभामा भाग लिने व्यवस्था मिलाईएको र यस उपस्थितिलाई सभाहलमा उपस्थित भए सरहको मान्यता प्रदान गरिनेछ।
२. वार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०७८ आषाढ ८ गते देखी २०७८ असार २१ गते सम्म वित्तीय संस्थाको शेयरधनी दर्ता किताव शेयर दाखिला खारेज बन्द रहनेछ। (हाल यस नेपाल एग्रो लघुवित्त वित्तीय संस्थालाई इन्फिनीटी लघुवित्त वित्तीय संस्थाले प्राप्ति गर्ने प्रकृयामा रहेको हुँदा शेयर कारोबार रोक्का रहिरहेको)
३. शेयरधनी महानुभावहरुलाई दर्ता पुस्तिका अनुसार कायम शेयरधनी महानुभावहरुको ठेगानामा वार्षिक साधारणसभाको सूचना सहितको वार्षिक प्रतिवेदन पठाईनेछ। यदि सो प्राप्त नभएमा कार्यालय समय भित्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय पोखरा-१८, कास्कीबाट वा जुनसुकै समयमा यस वित्तीय संस्थाको वेबसाईट **www.nepalagro.com.np** बाट समेत प्राप्त गर्न सकिनेछ। सभामा भाग लिन खोलिएको (डिम्याट) शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै : नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचय पत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ।
४. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रतिनिधि पत्र (प्रोक्सी फाराम) केन्द्रीय कार्यालय पोखरा-१८, कास्कीमा सभा सुरुहुन भन्दा ४८ घण्टा अगाडि दर्ता गराई सक्नु पर्नेछ।
५. प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ। एकै शेयरधनीले एकभन्दा बढि प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिर्ष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ।
६. प्रतिनिधी मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केही शेयर आफैले राखी सभामा स्वयं शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरेको प्रतिनिधी स्वतः बदर हुनेछ। पछिल्लो प्रतिनिधि कायम हुनेछ।
७. नाबालक शेयरधनीको तर्फबाट वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधी तोक्न सक्नुहुनेछ।
८. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपले अध्यक्ष वा अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन्।
९. छलफलको विषय अन्तरगत विविध शीर्षक सम्वन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनुभएको विषय बारेमा साधारण सभा हुनुभन्दा कम्तिमा ७ दिन अघि वित्तीय संस्थाको रजिष्टार कार्यालय मार्फत वित्तीय संस्थाको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।
१०. उक्त सभामा कुनै छलफलको विषय अन्तरगत छलफल गर्नुपरेमा कुल शेयर पूँजीको ६७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने महानुभावहरुले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नभएको विषय सभामा छलफल र निर्णय गरिने छैन। कम्पनी ऐन २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरुले निरिक्षण वा प्राप्त गर्न चाहनुभएमा वित्तीय संस्थाको रजिस्टार्ड कार्यालयबाट उपलब्ध हुनेछ।
११. भर्चुअल माध्यम मार्फत उपस्थित हुन चाहने शेयरधनी महानुभावहरुले agm.agro445@gmail.com मा ईमेल गरि वा ०६१-४१२४४५/४४६ मा सर्म्पक गरी सभा हुनु भन्दा ४८ घण्टा अगावै आफ्नो नाम इमेल ठेगाना टिपाउनु पर्नेछ। भर्चुअल माध्यम मार्फत उपस्थित हुने शेयरधनी महानुभावहरुलाई आवश्यक Link उपलब्ध गराई सहभागीहुने व्यवस्था मिलाईनेछ। सभा शुरु हुनुभन्दा १ घण्टा अगाडिबाट भर्चुअल माध्यम खुला गरिनेछ। उक्त १ घण्टाको समय भित्र सभामा सहभागी हुने शेयरधनीहरुले आफ्नो परिचय डिम्याट खाता नं. र शेयर संख्या सहित उपस्थितिको जानकारी सभालाई दिनुपर्नेछ।
१२. साधारणसभा सम्बन्धी अन्य जानकारीका लागि वित्तीय संस्थाको वेवसाइट www.nepalagro.com.np बाट उपलब्ध गर्नुहुन वा केन्द्रीय कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध छ।

**नोट** : मिति २०७८/०२/३१ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएको पाँचौं वार्षिक साधारण सभाको सूचनाको विशेष प्रस्तावको ८ मा इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड र नेपाल एग्रो लघुवित्त वित्तीय संस्थाको शेयर आदन प्रदान अनुपात (Share Swap Ratio) एक बराबर शून्य दशमलव अन्ठानब्बे (1:0.98) पारित गरी वित्तीय संस्थाको पाँचौ वार्षिक साधारण सभामा पेश गरि सो सभाबाट स्वीकृति प्राप्त भए पश्चात एकिकृत कारोबारको लागि नेपाल राष्ट्र बैंक समक्ष अनुरोध गर्ने। भन्ने हुनुपर्नेमा अन्यथा भएकोमा सच्याईएको व्यहोरा जानकारीको लागि अनुरोध छ।